# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।०५।११ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

-----------------------------------------------------

जाजरकोट जिल्ला अन्तर्गत साविक सुवानाउली गा.वि.स कार्यालयका लेखा सहायक लक्ष्मीप्रसाद शर्मा समेतले सामाजिक सुरक्षा भत्ता शिर्षकमा निकासा भएको रकम हिनामिना गरेकोले आवश्यक छानविन गरी कारवाही गरीपाउँ भन्ने व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा उक्त गा.बि.स. मा कार्यरत तत्कालीन गा.बि.स सचिवत्रय किरण न्यौपाने, चिरन्जिवी जि.सी, गोकर्णराज शर्मा र लेखा सहायक लक्ष्मीप्रसाद शर्माको आपसी मिलेमतोमा आ.व २०६८/०६९ देखी २०७१/०७२ सम्ममा बाल संरक्षण भत्ता, सामाजिक सुरक्षा भत्ता लगायतका शिर्षकमा बिनियोजित रकमको नक्कली भर्पाई बनाई बितरण गर्नु पर्ने भन्दा बढी रकम बितरण गरेको देखाई, सम्बन्धित लक्षित वर्गलाई वितरण गरी बाँकी रहेको रकम सम्बन्धित कार्यालयको बैंक खातामा दाखिला नगरी बदनियतपूर्बक हिनामिना गरी आफूहरुलाई गैरकानूनी लाभ पुऱ्याउने र नेपाल सरकारलाई गैरकानूनी हानी नोक्सानी पुऱ्याउने बदनियतले कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टी हुन आएको हुँदा उक्त कार्यमा संलग्न माथि उल्लिखित ४ जना राष्ट्रसेवक कर्मचारीहरु उपर कसुरको मात्रा अनुसार तपशिल बमोजिमको कैद सजाय र बिगो बमोजिम जरिवाना र ऐ. ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदावी लिई आज बिशेष अदालत काठमाण्डौंमा आरोप-पत्र दायर गरिएको छ ।

| सि. नं. | कार्यालयको पद तथा नाम थर | कार्यालयको नाम | बिगो | ऐन |
|---|---|---|---|---|
| १ | तत्कालिन गा.वि.स सचिव किरण न्यौपाने | साविक सुवानाउली, गा.वि.स., जाजरकोट । | रु. २,४५,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) तथा ३(१)(घ) |
| २ | तत्कालिन गा.वि.स सचिव चिरन्जिवि जि.सी | साविक सुवानाउली, गा.वि.स., जाजरकोट । | रु. १,७५,३००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) तथा ३(१)(घ) |
| ३ | तत्कालिन गा.वि.स सचिव गोकर्ण राज शर्मा | साविक सुवानाउली, गा.वि.स., जाजरकोट । | रु. ९४,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) तथा ३(१)(ग) |
| ४ | लेखा तथा प्रशासन सहायक लक्ष्मीप्रसाद शर्मा (करार) | साविक सुवानाउली, गा.वि.स., जाजरकोट । | रु. ५,७९,३००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) तथा ३(१)(ङ) |

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता